भारतको पहिलो रङ्गीन नेपाली / गोर्खा दैनिक

हिमालय दर्पण

epaper.himalayadarpan.com

## रंगेलीको गति कम्पनीले

# जून महिनादेखि व्यावसायिक विद्युत उत्पादन गर्ने

**गान्तोक, ९ मार्च (अम्बर "लाछिकाठी" गुरूङ):** सिक्किममा न्याशनल हाइड्रो इलेक्ट्रिक पावर कर्पोरेशन(एनएचपीसी) अधीनस्थ पहिला रङ्गीत हाइडल प्रोजेक्ट र पछि बलुवाटार, सिङ्तामको टिस्टा चरण-५-पछि अब तेस्रोमा प्रथमपल्ट निजी ऊर्जा विकास कम्पनी गति इन्फ्रास्ट्रक्चरले पूर्व सिक्किमको छुजाचेन हाइडल प्रोजेक्टबाट व्यावसायिक बिजुली उत्पादन शुरू गर्ने भएको छ। उल्लेखित दुइ प्रोजेक्ट सरह छुजाचेन हाइडल प्रोजेकटले पनि राज्यको राजस्वमा वार्षिक ३० करोड़ रूपियाँ दिने बताइएको छ।

राज्य सरकारसितको सम्झौता अनुसार व्यासायिक उत्पादनपछि कम्पनीले १४ प्रतिशत बिजुली राज्यलाई सित्थैमा उपलब्ध गराउने प्रावधान रहेको छ। गति इन्फ्रास्ट्रक्चर कम्पनी अधिकृत छुजाचेन हाइडल प्रोजेक्टले ९९ मेगावाट बिजुली उत्पादन गर्नसक्ने क्षमता रहेको छ। रम्फू र रंगेली दुइ खोलाको पानीलाई प्रयोग गरेर गत २००६ देखि शुरू गरिएको प्रोजेक्टले आउँदो जून महीनादेखि व्यावसायिक रूपमा बिजुली उत्पादन गर्नेछ। पूर्वोत्तर राज्यमा निजी कम्पनीको रूपमा हाइडल प्रोजेक्ट सञ्चालन गर्दै आएको गति इन्फ्रास्ट्रक्चर कम्पनी राज्यलाई १४ प्रतिशत बिजुली उपलब्ध गराउने पहिलो निजी कम्पनी हो। राज्य सरकारसित कम्पनीले ३५ वर्षको निम्ति आधिकारिक सम्झौता गरेको छ। यसै अन्तर्गत आगामी सेप्टेम्बर महीनादेखि राज्य सरकारले ३० करोड़ रूपियाँ प्राप्त गर्ने बताइएको छ। छुजाचेन हाइडल प्रोजेक्टको व्यावसायिक उत्पादनको तयारीमा रहेका कम्पनीका प्रबन्धन पक्षले हिजो मिडिया कर्मीको एक टोलीलाई छुजाचेन रंगेली रम्फू खोला ड्यामसाइट आदिको विस्तृत जानकारी दिए। पछि एक पत्रकार सम्मेलनलाई सम्वोधन गर्दै प्रोजेक्ट प्रमुख आरके श्रीवास्तवले पूर्वोत्तर राज्यमा नै पहिलोपल्ट निजी कम्पनीले राज्य सरकारलाई राजस्व प्रदान गरिरहेको बताए।



तिनले राज्यमा अगावै व्यावसायिक उत्पादन शुरू गर्ने एनएचपीसीको रंगीत हाइडल प्रोजेक्ट र बलुवाटार प्रोजेक्टभन्दा अधिक सुविधा र अवसरहरू उपलब्ध गराइएको दावी गरे। कम्पनीले आफ्नो निजी व्यवसायलाई मात्र ध्यान नदिएर सम्झौता अनुसार सबै सुविधा साथै राज्यको हितमा काम गरेको छ भनी तिनले थप दावी गरे। प्रोजेक्टको ९० प्रतिशत काम समाप्त भइसकेको र अहिले अन्तिम चरणको काम युद्धस्तरमा चलिरहेको जानकारी दिदै श्री श्रीवास्तवले भने-प्रोजेक्टरको लागत खर्च ८.५९ करोड़ पुग्नेछ। तिनले केही दिनअघि सत्तारूढ़ एसडीएफ पार्टीको मजदूर मोर्चाद्वारा पेश गरिएको आठ बुँदे प्रस्ताउलाई पनि कार्यन्वयन गरेको बताए। यस प्रसंगमा तिनले भने-हाल कम्पनीमा इञ्जीनियर स्टोर, प्रशासनिक, सिभील इञ्जीनियर, मेकानिकल, मानव संसाधन विभाग आदि लगाएर कूल २३५ जना कर्मचारीहरू छन्। तीमध्ये १३५ जना सिक्किमकै कर्मचारीहरू छन्।

कम्पनीमा कार्यरत सबै कर्मचारीहरूलाई मजदूर यूनियनको निर्देश अनुसार सबै सुविधा उपलब्ध गराउने प्रोजेक्ट प्रमुख श्रीवास्तवले पत्रकार सम्मेलनमा बताए। कम्पनीमा कार्यरत कर्मचारीवर्गलाई स्वास्थ्यको निम्ति वार्षिक ७ हजार वार्षिक भत्ता,बोनस लगायत अन्य कम्पनीहरूको तुलनामा अधिक वेतन उपलब्ध गरेको पनि तिनले बताए। १२३ ऐकर जमीनमा सञ्चालनित छुजाचेन हाइडल प्रोजेक्टको आठ किलोमिटर दुरीमा रंगेली बाँध निर्माण गरिएको छ।